दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ११ | बुटवल | २०८२ पौष २१ गते, सोमबार | नेपाल संवत ११४६ | Monday January 05, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## जाँचबुझ आयोगले लियो ओलीसँग लिखित बयान



बुटवल । पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले जाँचबुझ आयोगसमक्ष आफ्नो भनाइ राखेका छन् । जाँचबुझ आयोग सम्बद्ध स्रोतले ओलीले आयोगमा 'आफ्नो स्टेटमेन्ट दिएको' पुष्टि गरेको छ ।

आयोगको टोलीको पत्र बुझ्नासाथ ओलीले आफ्नो भनाइ राख्न तयार भएपछि आयोगको टोली उनको भनाइ (स्टेटमेन्ट) लिएर फर्किएको हो । आयोगसम्बद्ध स्रोतका अनुसार ओली निकटका व्यक्तिहरूको संकेतअनुसार नै आयोगको टोली पत्र लिएर ओलीलाई भेट्न गएको थियो । त्यहाँ ओलीले मौखिक रुपमा नभई लिखित रुपमा नै आफ्नो दृष्टिकोण र जवाफ पेस गरेका थिए ।

जाँचबुझ आयोगमाथि प्रश्न उठाउँदै पूर्वप्रधानमन्त्री ओली सिंहदरबारमा पुगेर बयान दिन अस्वीकार गरेका थिए । तर पछिल्लो समय आफ्नो भनाइ फेर्दै ओलीले गुण्डुमा आए आयोगको टोलीलाई चिया खुवाएर पठाउने धारणा राखेका थिए ।

आयोगका पदाधिकारीहरु बयानमा गएका व्यक्ति, त्यसक्रममा सोधिएको प्रश्न र जवाफबारे विस्तृत रुपमा बताउन चाहेका छैनन् । निकै गोप्य रुपमा पत्र तयार गर्नुका साथै ओलीसँग भेट्न आयोगको टोली गएको थियो । 'सबैको बयान र संकलित विवरणअनुसार ६० वटाभन्दा बढी प्रश्नहरू तयार भएका थिए,' आयोगसम्बद्ध स्रोतले भन्यो-'तिनै प्रश्नमा केन्द्रित भएर जवाफ लेखेको हुनुपर्छ ।'

यस्तै राष्ट्रिय मानवअधिकार आयोगले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग बयान लिएको छ । २३ र २४ भदौमा भएको जेनजी आन्दोलनका विषयमा आयोगले ओलीसँग बयान लिएको हो ।


» *बाँकी ३ पेजमा*


## रास्वपाले के के गऱ्यो निर्णय ?

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र संघीयतालाई स्वीकार गरेर अघि बढ्न सबै पक्षबिच सहमति भएको छ । रास्वपाको रवि लामिछाने पक्षले विगतदेखि प्रदेशसभा नचाहिने तर सानो आकारको प्रदेश संरचना भए पुग्ने मत राख्दै आएको थियो । जुन विषयमा उज्यालो नेपाल पक्षका नेताहरूले स्पष्टताको आवश्यकता औंल्याएका थिए ।

दुवै पक्षका नेताबिच शनिबार राति र आइतबार बिहान भएको वार्तापछि यो एजेन्डामा एकमत भएर अघि बढ्ने सहमति जुटेको हो । पुस १४ मा पार्टी एकता भए पनि एजेन्डामा सहमति भएको थिएन । आइतबार सहमति भएपछि विवाद सकिएको उज्यालो पार्टीका केन्द्रीय सदस्य जितराम लामाले बताए । संघीयतालाई सबैले स्वीकार गर्न सहमत भएको उनले बताए । 'संघीय संरचना मानेर जाने, गणतन्त्र र संविधान स्वीकार गर्ने सहमति भएको छ ।'- लामाले भने । राष्ट्रिय स्वतन्त्र पार्टीले पदाधिकारीमा बालेन शाह र कुलमान घिसिङ पक्षबाट चारजना थप गर्ने निर्णय लिएको छ ।

कुलमान घिसिङको उज्यालो नेपाल र बालेन साहको टिमलाई पदाधिकारीमा समेट्न लागिएको हो । जारी केन्द्रीय समिति बैठकबाट एक उप-सभापति, एक महामन्त्री, दुई सहमहामन्त्री र १ सहप्रवक्ता थप गर्ने निर्णय भएको प्रवक्ता मनिष झाले जानकारी दिएका छन् । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले केन्द्रीय समितिमा ७ जना नयाँ सदस्यहरूलाई मनोनयन गरेको छ ।

आइतबार बसेको केन्द्रीय समिति बैठकले पार्टी समायोजन पछि आएकामध्ये ७ जनालाई केन्द्रीय समितिमा मनोनयन गरेको प्रवक्ता मनिष झाले जानकारी दिए ।

मनोनयन भएका सदस्यहरूमा समीक्षा बाँस्कोटा, प्रकाशचन्द्र परियार, सुरज प्रधान, नवराज थापा, आशुतोष प्रधान, धनेज थापा, रञ्जु दर्शना रहेका छन् । उनीहरू विवेकशील साझा पार्टी छाडेर गत मंसिर १४ गते रास्वपा प्रवेश गरेका थिए ।

### प्रतिनिधिसभा सदस्य निर्वाचन :

# एमालेबाट को-को भए उम्मेदवार सिफारिस ?



**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेकपा एमालेले धमाधम उम्मेदवार सिफारिस गरिरहेको छ । लुम्बिनी प्रदेशका रूपन्देही, दाङ र गुल्मीलगायतका जिल्लाबाट हाइप्रोफाइल नेताहरूलाई एकल उम्मेदवारका रूपमा सिफारिस भएका छन् ।

केन्द्रीय उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेल र पूर्व उप-महासचिव एवम् केन्द्रीय सदस्य प्रदिप ज्ञवालीको नाम पनि एकल रूपमा सिफारिस भएको छ ।

रूपन्देही क्षेत्र नं. १,२,३ र ५ तथा दाङ १ र २ बाट उम्मेदवारको नाम सिफारिस गरेको छ । रूपन्देही क्षेत्र नं. १ क्षेत्रीय समन्वय कमिटीको बैठकबाट पार्टी केन्द्रीय कमिटी सचिव एवं पूर्व मन्त्री छविलाल विश्वकर्मा, दधिराम न्यौपाने र डा.कृष्ण न्यौपाने सिफारिस भएका छन् । छविलाल २०७९ को निर्वाचनमा पनि यही क्षेत्रबाट संघीय सांसद निर्वाचित भएका थिए । दधिराम र कृष्ण न्यौपाने भने २०७४ को चुनावमा प्रदेशसभामा निर्वाचित भएका थिए । दधिराम २०७९ को चुनावमा पनि प्रदेशसभा सदस्य उम्मेदवार भए पनि पराजित भएका थिए ।

यस्तै रूपन्देही २ बाट पार्टी उपाध्यक्ष विष्णु पौडेल उम्मेदवार सिफारिस भएका छन् । पौडेल एकल सिफारिस भएका जिल्ला अध्यक्ष यज्ञ गैरेले जानकारी दिए ।

पौडेल रूपन्देही २ बाट चारपटक र पाल्पाबाट एकपटक गरी ५ पटक सांसदमा निर्वाचित भइसकेका छन् । यो पटक उनको उम्मेदवारी सातौंपटक हो । पौडेल २०५१ सालमा पहिलोपटक पाल्पाबाट सांसद निर्वाचित भएका थिए ।

२०५६ सालमा तत्कालीन रूपन्देही क्षेत्र नं. ३ (हाल २) मा नेपाली कांग्रेसका सूर्यप्रसाद प्रधानसँग ६६ भोटले हारेका थिए । प्रधानले २३ हजार ६९७ मत पाएर निर्वाचित हुँदा पौडेलले २३ हजार ३३ मत पाएर पराजित भएका थिए ।

त्यसयताका सबै निर्वाचनमा उनले जितेका छन् । पौडेलले २०६४, २०७०, २०७४ र २०७९ का सबै निर्वाचन जितेका थिए । अरु चुनावमा फराकिलो मतान्तरले जित्दै आएका पौडेलले २०७९ को चुनावमा भने रास्वपाका गणेश पौडेललाई करिब १५ सयको झिनो मतान्तरले पछि पारेका थिए ।

यस्तै रुपन्देही ३ बाट ११ जना सिफारिस भएका छन् । जसमा विष्णु पौडेल, हितराज पन्थी, हरि अधिकारी, राजेन्द्र पन्थी, अयोध्या थारु, नरबहादुर घर्ती, विश्वराज बराल, बासुदेव घिमिरे, पम्फावती खनाल, सीता ढुंगाना काफ्ले र लक्ष्मी केसी सिफारिस भएका छन् ।

रूपन्देही क्षेत्र नं. ५ बाट पूर्व राष्ट्रियसभा सदस्य खिमलाल भट्टराई एकल सिफारिस भएका छन् । भट्टराई २०७९ को निर्वाचनमा पनि करिब डेढ वर्ष राष्ट्रियसभाको म्याद छँदै राजीनामा दिएर टिकट लिई उम्मेदवारी दर्ता गरेका थिए । एमालेकै बासुदेव घिमिरेले पनि टिकट पाएर सोही क्षेत्रमा उम्मेदवारी दर्ता गरेका थिए । तर निर्वाचन आयोगले पहिले दर्ता गरेको आधारमा बासुदेवको उम्मेदवारीलाई सदर गरिदिएको थियो । पाल्पा क्षेत्र नं. २ मा केन्द्रीय उपाध्यक्ष विष्णुप्रसाद पौडेलसहित ४ जनाको नाम सिफारिस गरेको छ ।

सिफारिसको पहिलो नम्बरमा पौडेलको नाम छ भने दोस्रो नम्बरमा विगठित प्रतिनिधिसभामा यही क्षेत्रबाट निर्वाचित ठाकुरप्रसाद गैरेको नाम रहेको छ । त्यसैगरी नारायणीदेवी शर्मा घिमिरे र डा. रामबहादुर राउतको नाम सिफारिस भएको एमाले नेता गुराँस आत्रेयले जनाएका छन् ।

एमालेले दाङ-२ बाट महासचिव शंकर पोखरेलको नाम एकल सिफारिस गरेको छ ।

क्षेत्रीय समन्वय समितिको बैठकले महासचिव पोखरेलको एकल नाम सिफारिस गरेको क्षेत्रीय संयोजक सुदन केसीले जानकारी दिए । यो क्षेत्र महासचिव पोखरेलको गृह क्षेत्र हो ।

२०७९ मा पोखरेल माओवादी केन्द्रकी रेखा शर्मासँग १९६ मतान्तरले पराजित भएका थिए । शर्माले २६ हजार ८ सय ७७ मत ल्याउँदा पोखरेल २६ हजार ६ सय ८१ मतमा रोकिएका थिए ।

यस्तै गुल्मी क्षेत्र नं. १ बाट प्रदीप ज्ञवाली, कपिलवस्तु-१ बाट विश्रामप्रसाद चौधरी, कपिलवस्तु २ मा दृगनारायण पाण्डे, बाँके-१ बाट सूर्य ढकाल र बाँके-३ बाट दलबहादुर सुनारलाई एकल रूपमा सिफारिस गरिएको पार्टी स्रोतले जनाएको छ ।

पाल्पाको क्षेत्र नं. १ मा निवर्तमान सांसद नारायणप्रसाद आचार्य, पार्टीका लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कंडेल, नेताहरु निलबहादुर सारु, दुर्गादेवी राना, विमलप्रसाद काफ्ले शिव अर्याल सिफारिस भएका छन् ।

## पौडेल पाल्पा कि बुटवल ?

बुटवल । रूपन्देही क्षेत्र नं.२ बाट विष्णु पौडेलको एकल नाम सिफारिस भएको छ भने पाल्पा क्षेत्र नं.२ र रूपन्देही क्षेत्र नं.३ बाट अन्य उम्मेदवारसँगै पौडेलको समेत नाम सिफारिश भएको छ । पाल्पा क्षेत्र नं.२ र रूपन्देही क्षेत्र नं.३ बाट पौडेलको एक नम्बरमा राखेर चार जनाको नाम सिफारिस भएको छ ।

२०६४ सालदेखि लगातार बुटवलबाट चुनाव जित्दै आएका पौडेल यसपाली बुटवलबाट उम्मेदवार नबन्ने चर्चा चल्दै आएको छ । यो चर्चासँगै पाल्पा क्षेत्र नं.२ र रूपन्देही क्षेत्र नं.३ बाट उम्मेदवार सिफारिस भएपछि त्यो आशंकालाई बल पुगेको छ । तर के पौडेलले क्षेत्र परिवर्तन गर्न खोजेका हुन् ? पौडेललाई भेटिरहेका नेता कार्यकर्ताका अनुसार पौडेल रूपन्देही क्षेत्र नं.२ बाट नै चुनावमा उम्मेदवार हुनेछन् । उनले क्षेत्र परिवर्तनको सोंच बनाएका छैनन् । रूपन्देही क्षेत्र नं.२ बाट सर्वसम्मत सिफारिस भएसँगै उनको उम्मेदवारी र क्षेत्र परिर्वतनबारे बढेका आशंका हटेका छन् ।

२०७० सालको संविधानसभाको चुनावमा बुटवल उप-महानगर समेत भएको तत्कालीन क्षेत्र नम्बर ४ र नवलपरासी क्षेत्र नम्बर ३ बाट उम्मेदवार बन्ने तयारी थियो । रूपन्देही-४ मा तत्कालीन माओवादी नेता बाबुराम भट्टराई उम्मेदवार भएपछि उनले चुनौती थपिएको आशंका गरे । त्यसपछि पहिले पार्टी काम गरेको क्षेत्र नवलपरासी क्षेत्र नं.३ बाट उम्मेदवार बन्ने निर्णय लिए । तर बुटवलका नेता कार्यकर्ताको दबाबपछि उनी नवलपरासी क्षेत्र नं.३ बाट उम्मेदवार बनेनन् । यहाँबाट भट्टराईलाई फराकिलो मतान्तरले पराजित गरे ।

तानसेन नगरपालिका समेत रहेको पाल्पा–२ पहिले पाल्पा क्षेत्र नम्बर ३ थियो । यहीबाट हो उनको संसदको यात्रा सुरु भएको । २०५१ सालमा उनले यहीबाट चुनाव जितेका थिए । बुटवलमा अनेक आशंका चलिरहेका बेला पाल्पाका नेताहरुले पुनः पाल्पा लैजाने योजना बनाएका छन् । सकेसम्म पौडेललाई पुनः पाल्पा लैजाने तयारी छ । 'उहाँको संसदीय सुरुवात पाल्पा हो, अहिले पनि शानदार जिताउँछौं, सकेसम्म पाल्पाबाटै उम्मेदवार बनाउँछौं ।'-एमाले तानसेन नगरकमिटी अध्यक्ष गुराँस आत्रेयले भने ।

'अन्य क्षेत्रबाट सिफारिस भए पनि उहाँ यहीबाट चुनावमा उठ्नुहुन्छ । यहाँका ड्रिम प्रोजेक्ट यहाँ पूरा गर्नुपर्नेछ । विकासका लागि यहाँ धेरै मिहिनेत गर्नुभएको छ, उहाँको प्रभाव भएको क्षेत्र छाडेर जानुहुन्न । पार्टीमा एकमत छ ।'-एमाले रूपन्देही क्षेत्र नम्बर २ का संयोजक ऋषि पाण्डेले भने ।







# सम्पादकीय

## निन्दनीय अमेरिकी कदम

अमेरिकी सेनाले भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई सैन्य कारबाहीमार्फत् पक्राउ गर्नु निन्दनीय छ। शनिबार बिहानै राष्ट्रपति निवासबाट पक्राउ परेका उनलाई अहिले न्यूयोर्कको डिटेन्सन सेन्टरमा राखिएको अमेरिकी अधिकारीहरुले बताएका छन् ।

लामो समयदेखि मदुरोलाई सत्ता छाड्न दबाब दिँदै आएका ट्रम्प प्रशासनको यो कारबाहीको विश्वभर निन्दा भएको छ । अमेरिकी साम्राज्यवादकाविरुद्ध विश्वभर भएको निन्दा र विरोधले अमेरिकाविरुद्ध विश्वजनमत बलियो बन्दै गरेको देखिन्छ । एउटा सार्वभौम राष्ट्रको प्रमुखलाई मध्यरात पक्राउ गरी आफ्नो देश पुऱ्याएर थुनामा राख्ने निर्णय सभ्य समाजका लागि अकल्पनीय कदम हो। मदुरोले लागूऔषध तस्करीमा संलग्न गिरोहहरूलाई सहयोग गरेको ट्रम्पको आरोप छ। इराकका तत्कालीन राष्ट्रपति सद्दाम हुसेनलाई पनि आणविक र रासायनिक हतियार राखेको आरोप लगाइएको थियो। सद्दाम हुसेनलाई नियन्त्रणमा लिएर फाँसी दिइयो, तर सद्दाममाथि अमेरिकाले लगाएको आरोप कहिल्यै पुष्टि हुन सकेन् । अमेरिकी स्वार्थ अनुकुल नचल्ने कुनै पनि सार्वभौम राष्ट्रको शासकविरुद्ध कदम चाल्ने रणनीतिले विश्व शान्तिमा धावा बोलेको छ । अमेरिकाले चाल्ने हरेक कदम ठिक हुने र अरुले चाल्ने कदम गलत हुने जुन भाष्य खडा गर्न खोजिएको छ, यो प्रवृत्तिले आक्रोश जन्माएको छ।

अमेरिकी संविधानअनुसार युद्ध घोषणा गर्ने अधिकार कंग्रेससँग भए पनि राष्ट्रपति सेनाका सर्वोच्च कमान्डर हुन् । विगतमा राष्ट्रपतिको अधिकारअन्तर्गत सीमित सैन्य कारबाहीलाई राष्ट्रिय हित ठहर गरिएको छ। तर अन्तर्राष्ट्रिय कानुनअनुसार राष्ट्रसंघीय सुरक्षा परिषद्को अनुमति वा आत्मरक्षाजस्ता सीमित अवस्थाबाहेक अन्य देशमाथि बल प्रयोग निषेध छ। लागूऔषध तस्करी यस्तो सशस्त्र द्वन्द्वको स्तरमा पर्दैन। अमेरिकाको यो कदम अन्तर्राष्ट्रिय कानुन विपरीत छ। संयुक्त राष्ट्र संघको भूमिकामाथि पनि प्रश्न उठेकोले राष्ट्र संघले तत्काल धारणा सार्वजनिक गर्नुपर्छ। संयुक्त राष्ट्र संघ ठूला राष्ट्रका यस्ता कदमप्रति प्रष्ट नहुने र त्यस्ता कदमविरुद्ध बढ्दो जनमतको सम्मान नगर्ने हो भने राष्ट्र संघको उपस्थितिमाथि पनि प्रश्न उठ्ने छ।

मादुरो अमेरिकाले भनेझैं गलत क्रियाकलापमा संलग्न भएको भए त्यसको फैसला गर्ने अधिकार केवल भेनेजुयलाका नागरिकलाई छ । भेनेजुयलाको सार्वभौमसत्तामाथि भएको यो नांगो हस्तक्षेपले अरु स्वतन्त्र साना र कमजोर राष्ट्रको सार्वभौमसत्ताको भविष्यमाथि पनि प्रश्न उठेको छ।

भेनेजुयलामाथि भएको अमेरिकी हस्तक्षेपले नेपालले पनि पाठ सिक्नुपर्छ । भूराजनैतिक द्वन्द्वको जोखिममा परेको मुलुकलाई लयमा हिडाउन राजनैतिक दलको सहकार्य आवश्यक छ। राजनैतिक दल वैदेशिक मामलामा विभाजित हुने गरेकाले अरु कसैले फाइदा लिइरहेकोले विदेश मामिलामा विभाजित नहुने गरी अघि बढ्न सक्दा मुलुकले मूल्य चुकाउनु पर्दैन। नेपालको जेन-जी आन्दोलन र त्यसपछिको विध्वंशको पटाक्षेप हुन बाँकी नै छ। त्यसभित्रका खेलाडी को-को थिए भन्ने त्यो फरक पाटो हो, तर जुन विध्वंश भयो, त्यो केबल नवयुवाको आक्रोशको मात्रै परिणाम थिएन् । यो बुझाई भएका राजनैतिक दलबिच सहकार्य गरी मुलुकलाई लयमा हिडाउनु र सार्वभौमसत्ता जोगाइराख्नु अपरिहार्य छ।

# युवामा नागरिक शिक्षाको प्रभाव



रमेशप्रसाद गौतम

यहाँ भेदभाव वा कुनै जाति भाषा, लिङ्ग आदिको भेदभावरहित कार्य गर्ने विषयको ज्ञान नागरिक शिक्षाबाट नै प्राप्त हुने हुन् । आजका जेनजीमा पनि त्यसै अनुरूपको सिप, ज्ञान र प्रविधिको रोजाइ हुनु स्वाभाविक हो । यो पुस्ता पनि गम्भीर हुनु जरुरी छ । नागरिक चेतना, विकास र सभ्य समाज निर्माणका लागि नागरिक नै जिम्मेवार हुनु जरुरी छ। यसैबाट मानिसमा सकारात्मक भावना, नयाँ सोँच र स्वावलम्बी र आत्मविश्वासी हुन बल पुग्छ।

मानिसको पुस्तान्तरणको अन्तर जुगानुजुगदेखि चल्दै आएको छ। पुस्ता बदलिन्छ र विचार पनि बदलिन्छ । एकअर्काबिचको सम्बन्ध फरक हुन्छ । खाने चिज फरक हुन्छ, लगाउने कपडा फरक हुन्छ। किन्न जाने पसल, उपभोग गर्ने वस्तु पुस्तासँगै बदलिन्छ । आज देखिएको सोच र प्रविधिले जीवन शैलीमा ठुलो परिवर्तन ल्याएको छ । आज जेनजीका माग र आन्दोलन पनि यसै गरी गाँसिएर आएका छन् ।

पहिलेका पुस्ताले पढ्ने स्कुलभन्दा अहिलेका पुस्ताका लागि फरक ढङ्गका छन्। नीति तथा कार्यक्रममा पनि बदलाव आएको छ। शैक्षिक प्रक्रियामा बदलाप आएको छ । माध्यमिक तह पार गर्दा साथै कामको खोजीमा देश तथा विदेश भौँतारिने ठुलो जमात छ। यस्ताका लागि स्वदेशमै अध्ययन गर्ने वातावरण बन्न सकेन। नयाँ जेनेरेसन र नयाँ परिवर्तनका लागि सुहाउँदो शैक्षिक कार्यक्रम किफायती बनाई विद्यार्थीलाई सुविधा दिने गरी लक्षित समूहलाई निःशुल्क अध्ययन व्यवस्था गरिने कुरा नारामा सीमित रहे।

हाम्रा शैक्षिक कार्यक्रम कार्यशैली समायअनुसार बदलेर पाठ्यक्रम, शैक्षिक र मूल्याङ्कन प्रणालीसमेतमा व्यापक फेरबदल हुँदै आए पनि जेनजी पुस्ताले तदनुरूपको सुधार भएको महसुस गरिरहेका छन् । आजका पुस्ताका ठुलो जमात नेपालमै अध्ययन गरिरहेका भन्दा बाहिर गएकाको विषयमा बढी चासो र चिन्ता देखिन्छ । चिन्ता अस्वाभाविक पनि होइन। यसमा बाहिर गएका भन्दा देशभित्र रहेकैहरूका बारेमा पनि बढी सोच्नु पर्छ । चिन्ताको विषय चाहिँ उच्च शिक्षा सुधार्नुमा हुनुपर्ने थियो तर त्यो भएको छैन । यहाँ राम्रो पठनपाठन गराउन सके यहाँबाट बाहिर जाने थिएनन्, बाहिर गएकाहरू पनि यहीँ पढ्न फर्कने थिए। हाम्रा केटाकेटी बाहिर गए झैँ अन्यत्र मुलुकका विद्यार्थी यहाँ पढ्न आउने थिए। यस दिशातर्फ हाम्रो ध्यान गएन। हामीसँग भएका स्रोतसाधन कमी होलान् । उच्चतम सदुपयोग गर्ने प्रयत्न हामीबाटै हुनुपर्ने थियो।

पुरानो र नयाँबिचको अन्तरद्वन्द्व भने राखी रहनु हुँदैन । पुरानो सोचमा अलग्गिएर नयाँ ल्याउने स्रोतको खोजी नै आजका जेनजीको माग हो । जहाँकहीँ शिक्षा र बजारको सम्बन्ध आज तीव्र गतिमा बढ्दो छ भन्ने नयाँ पुस्ताले बुझ्नु पर्छ। बजारले शिक्षालाई उपयोगितामा ल्याउने काम गर्छ। बिदेसिएका केटाकेटी कामको खोजी र शिक्षा लिनका लागि गएका हुन सक्छन् । यिनलाई रोक्न स्वदेशमै राम्रो शिक्षा र रोजगारका अवसर सिर्जना गर्न सक्नु पर्छ। हामीसँगै विद्यमान भौतिक संरचनालाई उच्चतम उपयोग गर्ने स्रोतसाधनलाई मितव्ययी तरिकाले प्रविधि र आवश्यक अन्य कुरामा खर्च गर्ने सोंच राखिनु उचित होला।

विभिन्न संरचनामा खर्च हुने रकमलाई बचत गरी गुणस्तरीय र शिक्षा र गरिब जेहेनदार विद्यार्थीका लागि उपयोग गर्न सकिन्छ । उत्पादन लक्षित कार्यक्रम तर्जुमा हुनु पर्छ । यसबाट रोजगारीका नयाँ सम्भावना पनि देखा पर्न सक्छन् । हाम्रा सुझबुझ र अपरिपक्व शिक्षा नीतिका कारण १२ कक्षा पास गरेपछि विदेश पढ्न जानेको लर्को बढ्दो छ। यो किन भयो त ? शिक्षामा उद्यमशीलतासम्बन्धी ज्ञान र सिप सिकाइको व्यवस्था हुन सकेन र उच्च शिक्षा हासिल गरिसकेपछि पनि आफैँले कामको खोजी र स्वयम्ले उद्यम सञ्चालन गर्ने सोचाइ आएन। यही मानसिकताका कारण यहाँका विश्वविद्यालयमा अध्ययन गर्नुभन्दा विदेश गएर पढ्दै कमाउँदै गर्ने प्रवृत्ति बढ्दै गएको हो । यसर्थ हामीले आधारभूत शिक्षादेखि नै उद्यमशीलता र सीपसम्बन्धी सिकाइलाई अघि बढाउनु जरुरी छ। आयआर्जनका लागि सीप नभई हुँदैन।

दक्ष र सिपयुक्त शिक्षकबिना राम्रो विद्यार्थी हुँदैन। शिक्षण सुधारका लागि प्रथमतः विद्यालयका शिक्षकको क्षमता विकास गर्नु पऱ्यो । बालमैत्री कक्षा कोठा भन्छौ तर त्यहाँ न भेन्टिलेसन छ, न राम्रो शौचालय न त शुद्ध पानीको व्यवस्था नै। पुस्तकालय छैन। विषयगत योग्य शिक्षकको अभाव छ । समयमा शिक्षकले तलब नपाएका प्रसस्त गुनासा सुन्न पाइन्छ। विद्यार्थीको आकर्षण निजी विद्यालयतर्फ ओइरिएको छ। सामुदायिक विद्यालयको तथ्याङ्क हेर्दा संख्या निरन्तर घट्दो छ।

अधिकांश विद्यालयमा विद्यार्थीको संख्या मापदण्डभन्दा ज्यादै कम छ। यस किसिमका संख्याको दृष्टिले हेर्दा थुप्रै विद्यालय बन्द गर्नुपर्ने अवस्था छ । यो अवस्थालाई समयमै चिर्न नसके शिक्षामा थप अन्योल सिर्जना हुनेछ। सामुदायिक विद्यालयले प्रभावकारी सिकाइको वातावरण निर्माण गरी विद्यालयको भौतिक पूर्वाधार सुधार गर्नु जरुरी छ।

अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी रित्तिँदै जानु र परीक्षाको नतिजा पनि खस्कँदै जानुले शिक्षा क्षेत्रमा आशा सञ्चार गर्न सकिने वातावरण देखिएन। विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालन कसरी गर्ने भन्ने विषयमा राज्य र राजनीतिक दल स्वयम् अन्योलमा देखिन्छन् । नेपालको संविधान जारी भएको एक दशक बितिसक्दासमेत सङ्घीय शिक्षा ऐन बन्न नसक्नु दुःखद हो । ऐन बन्न नसक्दा धेरैथरीका समूहको आफ्नो अनुकूलका चलखेल र स्वार्थ जोडिन पुग्नुले साँच्चै पेचिलो बन्दै आएको आभास मिल्छ । यसले गर्दा सार्वजनिक शिक्षाको विकास र प्रगतिका लागि पर्ने समुदाय र पेसेवर निराशा र दुःखी हुनेबाहेक केही भएन।

प्रजातान्त्रिक राज्य प्रणालीमा प्रत्येक सार्वजनिक संस्थामा सुशासनको प्रत्याभूति हुन जरुरी छ। विद्यालय जस्तो संवेदनशील क्षेत्रमा त झनै सुव्यवस्थाको व्यवस्थापन र पारदर्शिताको खाँचो छ । यसका लागि सरकार, स्थानीय निकाय, समुदाय, शिक्षक व्यवस्थापन समिति आदि सबैको सकरात्मक भूमिका नभई सम्भव छैन । यसमा विद्यालय व्यवस्थापन समितिको गठन, प्रक्रिया, आर्थिक कारोबार, लेखा परीक्षण गराउने सामाजिक परीक्षण तथा सामाजिकीकरण गर्ने जस्ता कुरा पनि चाहिन्छ । यस्ता कुरा कार्यान्वयन गर्न विद्यालयले विभिन्न मापदण्ड, कार्यविधि र दिग्दर्शन आदिको पनि निर्माण गर्नु पर्छ । यसतर्फ भन्दा नेताहरूको निहित स्वार्थ र शिक्षकको पेसाप्रतिको निष्ठाको अभाव देखिँदै आएको छ।

राजनीतिक नेतृत्वले व्यवस्थापन समितिमा बसेर शिक्षकलाई आफ्ना कार्यकर्ता बनाउन खोज्नुले विद्यालय सुधारमा अवरोध खडा गरेको छ । शिक्षक महासङ्घले हालै ऐन जारी गर्न भन्दै राखेको मागको अडानले सरकार माग पूरा गर्न बाध्य भयो । ती माग व्यवहारमा कार्यान्वयन भने हुन सकेका छैनन् । शिक्षकका पनि आफ्नो कर्तव्य र दायित्व हुन्छन्। कर्तव्य पालना गरेका छन् कि छैनन् भनेर नियाल्नु पर्छ।

मुलुकमा जतिसुकै जटिल परिस्थिति उत्पन्न भए पनि शिक्षा क्षेत्रमा कहीँकतैबाट प्रभाव पारिनुहुन्न । विद्यमान शिक्षाको राष्ट्रिय उद्देश्य अनुरूप कति काम भए, त्यसले नागरिकमा कस्तो प्रभाव पऱ्यो भन्ने विषयलाई ध्यान दिइनु पर्छ । नागरिकको चेतना बढाउन शिक्षाभित्रको नागरिक शिक्षाको भूमिका प्रबल हुनु जरुरी छ। समाज र राष्ट्रप्रति पनि नागरिकको दायित्व हुन्छ। देश प्रेमको पाठ हुन्छ। आफ्नो पेसाको नैतिक जिम्मेवारी हुन्छ । आचरणको पालना गर्ने विषयलगायतका असल गुण नागरिकमा हुनु पर्छ। त्यहाँ भेदभाव वा कुनै जाति भाषा, लिङ्ग आदिको भेदभावरहित कार्य गर्ने विषयको ज्ञान नागरिक शिक्षाबाट नै प्राप्त हुने हुन् । आजका जेनजीमा पनि त्यसै अनुरूपको सिप, ज्ञान र प्रविधिको रोजाइ हुनु स्वाभाविक हो।

यो पुस्ता पनि गम्भीर हुनु जरुरी छ । नागरिक चेतना, विकास र सभ्य समाज निर्माणका लागि नागरिक नै जिम्मेवार हुनु जरुरी छ । यसैबाट मानिसमा सकारात्मक भावना, नयाँ सोच र स्वावलम्बी र आत्मविश्वासी हुन बल पुग्छ। नागरिक शिक्षा नै त्यो शिक्षा हो, जसले नागरिक चेतनामार्फत उपरात्त सिप, ज्ञान र कलाको प्रवर्धन गर्छ। गोपबाट

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



काठमाडौँ। यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक १० दशमलव २९ अङ्कले घटेर दुई हजार ६१० दशमलव ६३ को बिन्दुमा कायम भएको हो।

३२३ कम्पनीको एक करोड दुई लाख ७४ हजार १२६ कित्ता शेयर ७९ हजार ७०२ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब एक करोड ७५ लाख ८७ हजार २९४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव ६२, उत्पादन तथा प्रशोधन एक दशमलव ०४ र व्यापार समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ८०, वित्त शून्य दशमलव १३, जलविद्युत शून्य दशमलव ४९, लगानी शून्य दशमलव ३२, जीवन बिमा शून्य दशमलव ८८, लघुवित्त शून्य दशमलव ३२, म्युचुअल फन्ड शून्य दशमलव २९, निर्जीवन बिमा शून्य दशमलव ८६ र अन्य समूह एक दशमलव ६९ प्रतिशतले घटेको छ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र श्रीनगर एग्रीटेक इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ३२ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै एसवाई प्यानल नेपाल लिमिटेडको सबैभन्दा धेरै रु ३० करोड, ६५ लाख, ८५ हजार, ७६ बराबरको शेयर किनबेच भएको छ। त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै एनआइसी एसिया बैंक लिमिटेडको छ लाख ३४ हजार ७४९ कित्ता शेयर किनबेच भएको छ।


# Rurukshetra Rural Municipality
## Office Of The Rural Municipal Executive
Ghiubensi, Gulmi
Lumbini Province

# Invitation for Bids

Second Date of Publication: 5th January, 2026(2082/09/21)

Office of Rurukshetra Rural Municipality, Ghiubensi,Gulmi invites only electronic bids for the following good sunder Sealed Quotation(SQ).

| S. N. | Contract No./ IFB No. | Estimated amount (Exclusive of VAT) NRS | Name of the Project & Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time Bid Opening | Bid Security/ Bid Security Validity Period | Bid Secu-rity NRS |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ORRM-W-SQ-21-082/83 | 8,61,513.35/- | Bhedabari Krishi Sadak Starunnati, Rurukshetra 2 Gulmi | 1,000/- | 21th January, 2026 (2082/10/07) Before 12:00 hr | 21th January, 2026 (2082/10/07) At13:00 hr | 45/75days | 25,000/- |
| 2 | ORRM-W-SQ-23-082/83 | 8,59,530.43/- | Ridi Saskrita Gurukul Bhawan Nirman, Rurukshetra Gulmi | 1,000/- | 21th January, 2026 (2082/10/07) Before 12:00 hr | 21th January, 2026 (2082/10/07) At13:00 hr | 45/75days | 25,000/- |
| 3 | ORRM-W-SQ-24-082/83 | 8,62,912.28/- | Rurukshetra Swasthyachauki Talla Thap, Compound Wall Tatha Gate Nirman, Rurukshetra Gaa.Paa. ward N.1 | 1,000/- | 21th January, 2026 (2082/10/07) Before 12:00 hr | 21th January, 2026 (2082/10/07) At 13:00 hr | 45/75days | 25,000/- |

1. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   Revenue Code Number(Rajaswa Shrishak No): 14229
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
4. The person, firm or company blacklisted as per Public Procurement Act-2063 with amendment, shall be inelegible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulation-2064 with amendment and other prevailing regulations.
6. The Employer reserves the right to accept or reject,wholly or partly any or all the bids without assigning reason, whatsoever.
   Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

**Chief Administrative officer**

दैनिक **लुम्बिनी**
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४ २०८२ पौष २१ गते, सोमबार Monday January 05, 2026 न.प.जि.प्र.का.द.न.४/०४५/०४६ 

**जाँचबुझ...**

जेनजी आन्दोलनको क्रममा ७६ जनाको ज्यान गएको थियो भने चार हजारभन्दा बढी घाइते भएका थिए।

केही घाइते अहिले पनि अस्पतालमा उपचार गराइरहेका छन्।

संसद् भवन रहेको नयाँबानेश्वर क्षेत्रमा जेनजी प्रदर्शनको पहिलो दिन २३ भदौमा ठूलो मानवीय क्षति भएको थियो। विद्यालय तथा क्याम्पस पोशाकमा आएका नवयुवाहरूमाथि प्रहरीले सयौं राउन्ड गोली चलाएको थियो। त्यसबाट १७ जनाको ज्यान गएको थियो।

सोही दिन इटहरीमा समेत दुई प्रदर्शनकारीको ज्यान गएको थियो। बर्बर प्रहरी दमनको विरोधमा २४ भदौमा बिहानैदेखि देशैभर प्रदर्शन भएका थिए।

आक्रोशित भिडले संसद् भवनदेखि प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारको मुख्यभवन, त्यहाँ रहेका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्लगायतका अधिकांश मन्त्रालय, सिंहदरबारछेवैमा रहेको सर्वोच्च अदालतलगायत जलाएर ध्वस्त पारेका थिए।

प्रहरीका सयौं कार्यालय, राजनीतिक दल, नगरपालिका तथा पालिका भवनहरू, प्रदेशका मन्त्रालयहरू तथा सयौं निजी घर तथा व्यापारिक प्रतिष्ठानहरूमा आगजनी गरेका थिए। यसक्रममा थप मानवीय क्षति भएको थियो।

२३ र २४ को घटनालगत्तै राष्ट्रिय मानवअधिकार आयोगले सरकारी पक्षबाट अधिक बल प्रयोग भएको, सरकारले गम्भीर लापरबाही गरेको निष्कर्ष निकालेको थियो।

## सच्चाईएको सुचना

यस राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा यहि पौष १९ गते प्रकाशित उन्नति सहकार्य लघुवित्त वित्तिय संस्था लि.को सूचनामा संस्थाका संस्थापक शेयर धनिले आफ्नो नाममा रहेको संस्थापक शेयर अक्षरमा छ हजार आठ सय हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ।

# पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता सुरु

भैरहवा। रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा आइतबारदेखि 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता' सुरु भएको छ। त्रिभुवन आर्मी क्लब 'ए' टीम र रुपन्देही-११ बिच स्पर्धा हुने गरी टेष्ट, वनडे र टी-२० क्रिकेट आयोजना गरिएको हो। नेपालमै पहिलोपटक तीनवटा फर्म्याटमा दुई टीमबिच प्रतिस्र्धा हुन लागेको यो पहिलोपटक हो।

आइतबार सुरु टेष्टको पहिलो दिन आर्मीले रुपन्देहीविरुद्ध १६ रनले अग्रता लिएको छ। भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको रुपन्देहीले ३३ ओभर १ बल खेल्दै १ सय २२ रनमा अलआउट भयो। उसका लागि आकाश त्रिपाठीले ३७, सन्देश थापाले २०, प्रज्वल थापाले १९ र मिर्नाल गुरुङले १८ रन बनाए। बलिङमा आर्मीका अनिश धामीले १३ ओभरमा ४५ रन खर्चेर ५ विकेट लिए। यस्तै, घनश्याम पाण्डेले ३ र पारससिंह धामीले २ विकेट लिए।

आर्मीले पहिलो इनिङमा ४४ ओभरमा ९ विकेट गुमाएर १ सय ३८ रन बनायो। जसमा प्रदीप पेलाले ४८ र जितेन्द्रसिंह ठकुरीले ४३ रन बनाए। बलिङमा रुपन्देहीका अजय चौहान र विप्रसन केसीले ३-३, सुरज खड्काले २ र देव खनालले १ विकेट लिए। टेष्टको बाँकी खेल सोमबार हुनेछ।

प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिश सेठिया र सुनिल सेठियाले आफ्ना बुवा स्वर्गीय पवन कुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका छन्। प्रतियोगितामा विजेता टीमले ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन्। यस्तै, म्यान अफ द सिरिजले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ प्राप्त गर्ने छन्। यी दुबै पुरस्कार भैरहवाको लुम्बिनी नेत्रालय प्रालिले प्रायोजन गरेको छ। प्रतियोगिता संयोजक प्रथम पराजुलीलका अनुसार पुस २० र २१ गते टेष्ट, २३, २५ र २७ गते ओडीआई, २९, ३० र माघ १ गते टी-२० क्रिकेट सिरिज हुनेछ।

यसअघि प्रतियोगिताको उद्घाटन गर्दै लुम्बिनी प्रदेश सरकारका युवा तथा खेलकुद मन्त्री सन्तोषकुमार पाण्डेयले क्रिकेट खेल युवाहरुको जीवनसँग जोडिएको बताए। उनले क्रिकेटमा भविष्य देख्ने युवाहरुको सपना साकार पार्न प्रदेश सरकारले योजनाबद्धरुपमा काम गरिरहेको जनाए। मन्त्री पाण्डेयले भने-'नेपालमा खेलकुदमा सञ्जीवनी बनेको कुनै खेल छ भने त्यो क्रिकेट हो। क्रिकेट अब क्रिकेट मात्रै नरहेर युवाहरुको जीवनसँग जोडिइसकेको छ। युवाहरुले आफ्नो सपना र लक्ष्य भनेकै क्रिकेटलाई मानेका छन्।'

मन्त्री पाण्डेयले क्रिकेटले अन्तर्राष्ट्रिय जगतमा मुलुकलाई चिनाएको जनाउँदै अब सरकारी तहबाट थप लगानी हुने हो भने यसले अझै फड्को मार्ने बताए। 'यदि लगानी राम्रो गर्दै जाने हो भने भारत, साउथ अफ्रिका र अष्ट्रेलिया जस्ता देशहरुमाथि पनि विजय प्राप्त गर्न सक्छौं', उनले भने-'प्रदेश सरकारले अब रुपन्देही क्रिकेट संघसँग सहकार्य गरेर छिट्टै नै प्रदेशस्तरीय क्रिकेट खेल आयोजना गर्दै छ।' यसका लागि उनले ४० लाख रुपैयाँ बजेट छुट्याइने जनाए।

उनले खेल र पर्यटन एकअर्काका परिपूरक भएको जनाउँदै यी दुईको सँगसँगै विकास गर्नुपर्नेमा जोड दिए। 'क्रिकेट हेर्न दर्शक आउँदा यसले पर्यटन क्षेत्रको समेत विकास गर्छ', उनले भने-'खेललाई अझै परिस्कृत रुपमा प्रोत्साहन गर्न सक्यौं भने यसले पर्यटन क्षेत्रको विकासमा समेत महत्वपूर्ण टेवा पुर्याउँछ।'

रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले नेपालमै नौलो र ऐतिहासिक प्रतियोगिता भैरहवामा सुरु गरिएको जनाए। उनका अनुसार त्रिभुवन आर्मी क्लब 'ए' र रुपन्देही-११ बीच तीन विधामा ७ खेल हुनेछन्। जसमा टेष्ट, वनडे र टी-२० क्रिकेट खेलहरु समावेश छन्। यसले खेलाडीलाई अभ्यस्त, नियमितता र खेलप्रति लगाव बढाउनेछ। नेपालमा दुई टीमबीच यस किसिमको खेल यसअघि भएका छैनन्। यसैले पनि यस प्रतियोगितालाई ऐतिहासिक भनिएको अध्यक्ष थापाले जनाए।

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२१

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १३ ढाडमा घाटगद्दी गरी राखिएको साल जातको काठ ८०६.३३ क्यू. फि. अन्य जातको ३९१.१७ क्यू. फि. साल दाउरा १.०० चट्टा र अन्य दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री मालिका सामुदायिक बन उपभोक्ता समुह**
शितगंगा न.पा. १३ अर्घाखाँची

## SEE परीक्षा २०८२ तयारी सम्बन्धमा शिक्षा विकास समन्वय इकाइ कपिलवस्तुको अनुरोध।

१) सबै विद्यालयले कोचिङ क्लासको समेत व्यवस्था गर्ने।
२) विद्यार्थी कमजोर रहेको विषय लक्षित अध्यापन गराउने।
३) SEE का पुराना प्रश्नपत्रहरुमा पर्याप्त अभ्यास गराउने।
४) YOUTUBE भित्रको Nceel Virtural Page मा गई विषयगत कक्षा १० का भिडियोहरु अध्ययन गर्न लगाउने।

## Tinau Rural Municipality

**Office of the Rural Municipal Executive**

**Dobhan, Palpa**

## Notice of Re-Invitation & Inviation for Online Bids

First Publication Date: 2082/09/21(Jan, 05 2026)

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible Bidder/Suppliers for following items listed in Table below.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality Phone No: 075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 hrs. on 06 Magh 2082 B.S. (20 Jan 2026 A.D.) for Re- Tender and 2082/10/21 BS (2026 Feb 04 AD) for NCB and Bid Opening will be held on same day at 13:00 Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.
4. Pre-bid meeting for NCB shall be held at Tinau Rural Municipality Dobhan -02, Palpa at 12:00 hrs on 06 Magh 2082 B.S. (20 Jan 2026 A.D)

| Contract Number | Description of Works | Estimated Amount (Inclusive of VAT & PS) | Bid Security Amount (NRs) | Bid Document Fee(NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/SQ/ GOODS/ RE04/ 2082-083 | Procurement Supply and Delivey of Science and Mathmatical Practical Instrument | 1,213,913.80/- | 30,000/- | 1,000/- | Online RE-Bid (SQ) |
| TRM/NCB/ WORK/RE10/ 2082-083 | Construction of Ward No-04 office Building and Satyawati Health post Building. | 3,234,284.97/- | 85,000/- | 3,000/- | Online RE-Bid (NCB) |
| TRM/NCB/ WORKS/18/ 2082-083 | Construction of Satyawati Temple at Ward No-04 | 6,756,042.32/- | 150,000/- | 3,000/- | Online RE-Bid (NCB) |

5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Laxmi Sunrise Bank Limited. Name of Office: Office of Tinau Rural Municipality
Office Code no. : 40-365-13 Rajasho Shirsak Num :- 14229040.
Office Account No: 08103000028 (For Bid Fee), Office Account No.:08103000185 (For Bid Security)

Chief Administrative Officer

## छत्रकोट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**चोयगा, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना!!!

प्रथम पटक प्रकाशित मितिः२०८२/९/२१

यस छत्रकोट गाउँपालिकामा तपसिल बमोजिमको पदमा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नगरिने व्यहोरा समेत अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | आवेदन शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५-०८२/८३ | सूचना प्रविधि अधिकृत | सातौं | १ जना | रु १०००।- | |

नोटः- आवश्यक योग्यता लगायतका थप विवरण कार्यालयको वेवसाइटमा राखिएको बेहोरा जानकारी गराइन्छ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## KAWASOTI MUNICIPALITY

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

**GANDAKI PROVINCE, NEPAL**

## Invitation for Bids

**First Date of Publication:2082/09/21**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos.and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 14/KM/NCB/ WORKS/2082/83 | Road Upgrading Works at Kawasoti Municipality 2 and 8 | 43,05,874.45 | 2082/10/21, BS) Upto12Hr | 120 days | 1,30,000 | 3,000.00 |
| 2 | 15/KM/NCB/ WORKS/2082/83 | Road Upgrading at Different Location of Kawasoti Municipality 2 and 7 | 31,76,906.99 | 2082/10/21, BS) Upto12Hr | 120 days | 95,000 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

## उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध।

उपभोग्य वस्तु खरिद बिक्री तथा उपभोग गर्नु अगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यवसायीको परिचय कायम राखौं।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहोरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं।
- बिक्री गर्ने वस्तुहरु समय समयमा निरीक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु विक्री स्थलमा नराखौं। - बिक्री योग्य वस्तुको आवश्यकता अनुसारको तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना ईजाजत सूर्तिजन्य र मदिराजन्य वस्तुहरुको बिक्री वितरण नगरौं।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङ्गमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौं।
- कारोबार स्थलमा साइनबोर्ड तथा मूल्य सूची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं।
- उपभोग्य चस्तु खरिद बिक्री गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं।
- उपभोक्ताले कुनै पनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति, मूल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं।
- प्लास्टिकको झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं।
- कृत्रिम अभाव सिर्जना गरिएको, कमसल वस्तु बिक्री वितरण गरेको पाईएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खबरदारी गरौं।

**उपभोक्ता हित संरक्षण अभियानमा**
**मेरो सहकार्य।**
**तपाईको सहकार्य।।**
**हामी सबैको सहकार्य।।।**

**अनुरोधक**
**घरेलु तथा साना उद्योग कार्यालय**
**नवलपरासी (ब.सु.प.)**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘मायादेवीलाई ‘स्मार्ट पालिका’ र बुद्धमय शहरको रुपमा विकास गर्ने लक्ष्य बोकेका छौं’



**लेखनाथ पोखेल**
**प्रमुख प्रशासकीय अधिकृत**
मायादेवी गाउँपालिका, रूपन्देही

निजामती सेवामा करिब १३ वर्षदेखि अनवरत रूपमा क्रियाशील लेखनाथ पोखेल हाल रूपन्देहीको मायादेवी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत हुनुहुन्छ । २०६९ सालमा निजामती सेवामा प्रवेश गर्नुभएका पोखेलसँग प्रशासन, वित्तीय व्यवस्थापन र स्थानीय शासनको गहिरो अनुभव छ । आफ्नो सेवाको प्रारम्भिक साढे तीन वर्ष प्रशासन सेवा लेखा समूहअन्तर्गत बिताउनुभएका पोखेलले भूमिसुधार कार्यालय धनुषा र कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरमा लेखापालको रूपमा कार्य गर्दा सरकारी वित्त प्रणाली र आर्थिक पारदर्शिताको जगलाई नजिकबाट बुझ्नु भएको छ। २०७३ सालमा शाखा अधिकृतमा पदोन्नति भएपश्चात् देशको संघीय शासन प्रणाली कार्यान्वयनको सुरुवाती चरणदेखि नै विभिन्न भूगोल र भूमिकामा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका पोखेलले अछामको पञ्चदेवल विनायक नगरपालिकामा (८ महिना), गुल्मीको मालिका गाउँपालिका (१८ महिना), रूपन्देहीको शुद्धोधन गाउँपालिका (१ वर्ष), र पाल्पाको रिब्दीकोट गाउँपालिका (९ महिना) मा प्रमुख प्रशासकीय अधिकृतका कार्यानुभव संगाल्नु भएको छ।

कार्यसम्पादनका साथै शैक्षिक क्षेत्रमा पनि विशिष्टता हासिल गर्नुभएका पोखेलले नेपाल सरकारको छात्रवृत्तिमा दक्षिण कोरियाको प्रतिष्ठित योन्से विश्वविद्यालय (Yonsei University) बाट ‘ई-गभर्मेन्ट एण्ड पब्लिक म्यानेजमेन्ट’ विषयमा स्नातकोत्तर (Masters Degree) गरी आधुनिक प्रविधि र व्यवस्थापनका विश्वव्यापी अभ्यासलाई स्थानीय तहमा लागू गर्ने उच्च सोचका साथ अगाडि बढ्नु भएको छ। विगत एक वर्षदेखि मायादेवी गाउँपालिकाको प्रशासनिक नेतृत्व सम्हाल्दै आउनुभएका पोखेल एक परिपक्व प्रशासकका रूपमा आफ्नो नाम बनाउन सफल बन्दै अगाडि बढ्नु भएको छ। प्रशासनिक मितव्ययिताका निर्देशनलाई प्रभावकारी रूपमा कार्यान्वयन, लुम्बिनी क्षेत्रको विकासमा बुद्धको जस्तै शान्ति र धैर्यताका साथ अगाडि बढ्नुपर्ने सोंच राख्ने उनै लेखनाथ पोखेलसँग दैनिक लुम्बिनीका लागि पोसकान्त पोखरेलले गरेको कुराकानीको सम्पादित संक्षिप्त अंशः

*» प्रमुख प्रशासकीय अधिकृतलाई कम्तीमा दुई वर्ष सरुवा गर्न नपाइने कानुनी व्यवस्थाका बिच यहाँ छोटो छोटो समयमा सरुवा हुनुभएको छ किन ?*

हाम्रो कानुनले कम्तीमा एउटा स्थानीय तहमा दुई वर्ष काम गर्ने भन्छ। तर हाम्रो नियती भनौंकी कमजोरी भनौं त्यसलाई तोड्नेकाम स्थानीयतहहरुको नियामक निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नै गर्दछ। कतिपय अवस्थामा कर्मचारीहरुका पनि बाध्यतात्मक परिस्थितिहरु हुन सक्दछन्। जनप्रतिनिधिहरुबाट हुने अनावश्यक दबाब प्रभावले पनि समय अगावै सरुवा हुने गर्दछ। मेरो पनि सिद्धान्त के हो भने एउटा स्थानीय तहमा सरुवा भएपछि विशेष परिस्थितीमा बाहेक दुई वर्ष सरुवा गर्नु हुँदैन भन्ने हो। अहिले यो बेथितिकै रुपमा मौलाएको पाइन्छ। कतिपय अवस्थामा कर्मचारीले चाहेर पनि सरुवा हुँदैन भने कतिपय अवस्थामा नचाहँदा नचाहँदै सरुवा हुने गरेको छ। यस्तो कार्य विभिन्न स्वार्थ समूहहरुको कारण हुने गर्दछ। मेरो पनि शुद्धोधन र रिब्दीकोट गाउँपालिकामा त्यस्तै भएको थियो।

*» स्थानीय तहमा दुई वर्ष स्थायी रुपमा हुनु र नहुनुमा के-कस्ता सकारात्मक तथा नकारात्मक असर पर्ने गर्दछ ?*

स्थायी रुपमा रहँदा दुई वर्षको टाइमफ्रेम राखेर काम गर्न सकिन्छ। जसले गर्दा कुनै पनि पालिकाले लिएका नीति, योजना कार्यक्रमलाई प्रमुख प्रशासकीय अधिकृतले व्यवस्थित तरिकाले काम गर्ने समय मिल्छ। पढेलेखेर आफूलाई प्रमाणित गरेर राष्ट्रसेवामा लाग्ने कर्मचारी विद्वान वर्गअन्तर्गत पर्दछन्। दुई वर्षले उनीहरुलाई आफूभित्र भएको भिजन, मिसन जनप्रतिनिधिहरुको विकास निर्माणमा देखिएको चाहना पालिकाका सम्भावनाहरुलाई अध्यावधिक गरी तालमेल मिलाएर कार्यान्वयनमा ल्याउन ठूलो भूमिका खेल्नुको साथै नतिजा पनि उत्कृष्ट दिन्छ। छोटो छोटो समयमा सरुवा हुने हो भने केवल बजेटको कार्यान्वयन गर्ने, तत्कालिन फाइदाका मात्र काम हुने हुँदा दीर्घकालिन महत्वका योजनाहरु छायाँमा पर्दछन्। अर्कोकुरा काम गर्ने तौरतरिका छन्। वार्षिक खरिद योजनाहरु, निर्माणका योजनाहरुलगायत धेरै क्षेत्रहरुमा कुन काम कहिले र कसरी गर्ने भन्ने हुन्छ। अपायक समयमा सरुवा हुँदा ति सबै प्रभावित हुन्छन्। जसले एकातर्फ पालिकाको भौतिक, वित्तीय प्रगतिमा कमी आउने सम्भावना उच्च हुन्छ भने कर्मचारीको पनि स्वःमूल्याङ्नमा नकारात्मक प्रभाव पर्न सक्छ।

*» गाउँपालिकामा हालसम्म के के उपलब्धिहरु भएका छन् ?*

गाउँपालिकामा म आएको एक वर्ष पुगेको छ। यो पालिकामा मैले अरु पालिकामा काम गरेको कार्यानुभवलाई लिएर मायादेवीमा अलि फरक किसिमले अगाडि बढाएका छौं। हुनत मायादेवी भौगोलिक हिसाबले अत्यन्त महत्वपूर्ण र लाभदायक स्थानमा छ।

*» त्यो चाहीं कसरी ?*

मायादेवी गाउँपालिका भौगोलिक र रणनीतिक हिसाबले अत्यन्तै महत्वपूर्ण कसरी हो भने( यो पालिका गौतमबुद्धकी आमाको नामबाट नामाकरण भएको पालिका हो। पालिकामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ५० प्रतिशत भू-भाग पर्दछ। विश्व शान्तिको केन्द्र लुम्बिनी जाने मुख्य प्रवेशद्वार हुनुका साथै अन्तर्राष्ट्रिय सिमानासँग जोडिएकाले यसले आन्तरिक र बाह्य सम्पर्क जोड्ने ठूलो सामर्थ्य राख्दछ। यही प्रचुर सम्भावनालाई बुझेर हामीले यसलाई एक ‘स्मार्ट पालिका’ र ‘सूचना प्रविधि युक्त पालिका’ का रूपमा विकास गर्ने लक्ष्य लिएका छौं।

त्यस्तै, मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम र कृषि क्रान्ति मुख्यमन्त्री कार्यालयसँगको समन्वयमा हामीले २ करोड ६० लाख रुपैयाँको ‘मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम’ सञ्चालन गरिरहेका छौं। सोअन्तर्गत विशेषगरी कृषि, पर्यटन र पूर्वाधारलाई प्राथमिकता दिइएको छ। त्यस्तै, हामीले करिब २ हजार किसानलाई डिजिटल कार्ड वितरण गरिसकेका छौं। जहाँ किसानको पारिवारिक विवरण, उत्पादन, जग्गा, ऋण, र अनुदानको पूर्ण डेटाबेस (Profile) सुरक्षित गर्दै अगाडि बढेको अवस्था छ। अब किसानले पाउने सबै प्रकारका सेवा र अनुदान यही कार्डमार्फत् दिइन्छ।

अनुदानको दुरुपयोग रोक्न हामीले ठूला कार्यक्रममा (GPS) लोकेसन प्रणाली जडानको योजनामा छौं। जसले गर्दा योजना कहाँ र कुन अवस्थामा छ भन्ने कुराको प्रत्यक्ष निगरानी गर्न सहज हुने गर्दछ। जनतालाई सहज सेवा दिन हामीले सूचना प्रविधिलाई प्रशासनको मेरुदण्ड बनाएका। एकीकृत डाटा प्रणाली पालिकाका सबै शाखाको विवरण एकै ठाउँमा सुरक्षित रहने गरी एकीकृत प्रणाली सुरु गरिएको छ। ई-सिफारिस र मोबाइल एप : एक सयभन्दा बढी प्रकारका सिफारिस जनताले घरमै बसेर मोबाइल एपमार्फत् लिन सक्ने व्यवस्था मिलाइएको छ। डिजिटल प्रोफाइल र म्यापिङ : प्रत्येक घरधुरी र जग्गाको अवस्थाबारे डिजिटल प्रोफाइल तयार गर्ने र सम्पूर्ण क्षेत्रको म्यापिङ गर्ने कार्य अघि बढेको छ। एकीकृत सेवा केन्द्रः पालिकाका सेवालाई एकै ठाउँबाट सरल रूपमा उपलब्ध गराउन निजी क्षेत्रसँगको सहकार्यमा सेवा केन्द्रको विकास गर्दैछौं।

बुद्धमय र सुरक्षित पालिका हामीले पालिकाको भौतिक विकासलाई यसको सांस्कृतिक पहिचानसँग जोडेका छौं। पालिकालाई बुद्धमय बनाउन १४ किलोमिटर क्षेत्रमा ४२ वटा बुद्धका मूर्ति स्थापना गरिएको छ। मुख्य चोकमा स्मार्ट बोर्ड, सडक बत्ती र उच्च प्रविधिको क्यामेरा केही स्थानमा जडान गरिएको छ भने बाँकी स्थानमा गर्दैछौं। कार्यालयमा ई-हाजिरी र सिसिटिभी जडान गरी अनुशासन र सुरक्षा सुनिश्चित गर्ने कार्यको थालनी भएको छ। उत्पादन र उत्पादकत्व वृद्धि गर्न लिफ्ट सिँचाई जस्ता आधुनिक आयोजना सञ्चालनमा ल्याउनुको साथै कृषि प्रणालीलाई प्रविधिमैत्री बनाउँदै अगाडि बढेका छौं। पालिकाको मुख्य उद्देश्य भनेकै परम्परागत शैलीको विकासलाई प्रविधिसँग जोडेर सेवा प्रवाहमा पारदर्शिता ल्याउनु र मायादेवीलाई लुम्बिनी क्षेत्रकै एक नमूना ‘स्मार्ट पालिका’ का रूपमा स्थापित गर्नु नै प्रमुख लक्ष्य भएकोले सोही अनुसार अगाडि बढेको जानकारी गराउँदछु।

*» स्मार्ट पालिकाको यहाँहरुले देखेको सपना पूरा गर्न कति समय लाग्ने अनुमान गर्नुभएको छ ?*

विद्युतीय सरकार विकास कार्यक्रम असीमित कार्यक्रम हो। यो ठ्याक्कै यति समयमा सम्पन्न हुन्छ भन्न सक्ने अवस्था हुँदैन, यो भनेको अनगोईङ कार्यक्रम हो। अहिलेको विश्व विभिन्न कालखण्डहरु पार गर्दै एआईको दुनियाँमा प्रवेश गरेको छ। तर हामी अहिले पनि हुलाक सञ्चार देखि ईमेल इन्टरनेटको स-सानो क्षेत्रमै अल्मलिएको अवस्था छ। अबको सेवा प्रवाह आईसिटीअन्तर्गत हुनु पर्दछ र त्यो बाहेकको विकल्प पनि छैन। हामी भर्खर उक्त क्षेत्रको विकासमा प्रवेश गरेका छौं। अहिले हामी सुरुको चरणमा पाँच/छ वटा कार्यक्रम एक/दुई वर्षभित्रै सम्पन्न गर्दछौं। विद्युतीय सरकारसँग सम्बन्धित अन्य थुप्रै कामहरु एकपछि अर्को गर्दै क्रमिक रुपमा सञ्चालन गर्ने लक्ष्य राखेका छौं।

*» संघीय सरकारले वितरणमुखी कार्यक्रम र अस्थायी कर्मचारीको भार कटौती गर्न निर्देशन दिइरहँदा, पालिकाले लोकप्रिय मत जोगाउने कि वित्तीय अनुशासन कायम गर्ने कुरा धेरै पेचिलो बन्दै गएको समयमा पालिकाले कस्तो रणनीति अवलम्बन गरेको छ ?*

निकै गम्भीर प्रश्न गर्नुभयो। जहाँसम्म मायादेवीको कुरा छ पालिकाले साना-साना रकम बाँड्नेभन्दा पनि दीर्घकालीन प्रतिफल दिने क्षेत्रलाई प्राथमिकता दिएको छ। हिजो साडी बाँड्ने, ग्यास बाँड्ने जस्ता धेरै कार्यक्रमहरु सञ्चालन भएका रहेछन्, तर अहिले ति सबै बन्द भएका छन्। नगद अनुदानको सट्टा ‘उत्पादनमा आधारित अनुदान’ (Subsidies based on production) लाई जोड दिइएको छ। नयाँ सडक खन्नेभन्दा भएका सडकको स्तरोन्नति र मर्मत सम्भारमा बजेट केन्द्रित गरिँदैछ। सामान्य तालिमभन्दा सीपमूलक तालिमलाई प्राथमिकता दिएको छ। अस्थायी र करार कर्मचारी व्यवस्थापन अस्थायी कर्मचारी हटाउने विषय भावनात्मक र राजनीतिक रूपमा जटिल भए पनि पालिकाले दरबन्दी मिलान र ओएनएम (O&M) सर्वे गरेर पालिकालाई वास्तवमै कति जनशक्ति चाहिन्छ भन्ने प्राविधिक अध्ययन गरेर मात्र करार थप गर्ने वा हटाउने कार्यलाई जोड दिएका छौं। कृषि, सामाजिक, आर्थिक, शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार्न, नागरिकको आधारभूत आवश्यकता पूरा गर्न। कनेक्टिभिटी (सडक र सञ्चार)स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन। स्थानीय तहमा रोजगारी बढाउने कार्यक्रमहरु प्राथमिकतामा राखेर उपलब्धि नहुने तथा न्यून हुने क्षेत्रलाई कटौती गरिएको छ।

*» चालु आर्थिक वर्षको लागि कति बजेटमा के-कस्ता योजनाहरु सञ्चालनमा आउँदै छन्। हलसम्मको उपलब्धि के-कति भएको छ ?*

कूल ६१ करोड ९८ लाख रुपैयाँ रहेको छ। उक्त बजेटको ६० प्रतिशत चालुतर्फ खर्च हुन्छ भने ४० प्रतिशत पुँजीगततर्फ खर्च हुन्छ। पुँजीगततर्फका हाम्रा मुख्य योजनाहरु भौतिक पूर्वाधार विकास, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, सिँचाइ, पशुपंक्षी विकास, विभिन्न क्षेत्रमा एडभान्स तथा सीपमूलक तालिमलगायत आयआर्जन वृद्धि गर्ने क्षेत्रका योजनाहरु रहेका छन्। ति योजनाहरुमा कतिपय योजनाहरु कार्यान्वयनमा आइसकेका छन् भने कतिपय योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन्। चालु आर्थिक वर्षदेखि एउटा वडामा एउटा गौरवको योजना हुनुपर्छ भन्ने पालिकाको निर्णय अनुसार प्रत्येक वडाले २५ लाख रुपैयाँसम्मको पूर्वाधार विकासअन्तर्गतको योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन्।

*» पुँजीगतमा भन्दा चालुतर्फको बजेट २० प्रतिशत नै बढी हुनुको कारण के होला ?*

हामीकहाँ मात्र नभएर संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुको पनि बजेट विनियोजन अवस्था यही प्रकृतिको छ। हालको ६०:४० को अनुपातलाई उल्ट्याएर ४० प्रतिशत चालु र ६० प्रतिशत पुँजीगत लैजान सकेमा एक विकासोन्मुख पालिकाको विकास निर्माण गर्न थप श्रोत प्राप्त हुने थियो नै। तर छुट्याइएका योजनाहरु कार्यान्वयनमा ल्याएर सम्पन्न गर्न बढी खर्च लाग्ने हुँदा हाम्रो प्रणाली नै सोही खालको बस्न गएको हो।

*» चालु आर्थिक वर्षमा सञ्चालनमा आएका योजनाहरु कहिलेसम्म सम्पन्न गर्ने लक्ष्य राख्नु भएको छ ?*

हामीले कम्तिमा पनि ६०-७० प्रतिशत योजनाहरु चैत मसान्तसम्म सम्पन्न गर्ने गरी सोहीअनुसार सबैले आ-आफ्ना कार्यक्रमहरु सञ्चालन गर्नका लागि निर्देशन दिएका छौं। कार्यक्रमहरु कार्यान्वयनको लागि विषयगत शाखाबाट ताकेता गर्दै लागिरहेको अवस्था छ। उहाँहरुले कार्यक्रम कार्ययोजना बनाएर अगाडि बढ्नु भएको छ। जसले चैत मसान्तसम्म मूलभूत कामहरु सम्पन्न गर्न सक्ने आधार पनि तयार भएको छ।

*» योजनाहरु कार्यान्वयनमा ल्याउन कत्तिको सहज छ ?*

स्थानीय तहमा मैले काम गर्दाखेरी भोगेको एउटा समस्या उपभोक्ता समितिमा बसेर काम गर्ने मान्छेनै पाइदैन भन्ने गुनासो बढिरहेको छ। अधिकांश योजनाहरु ढेक्का, कोटेशनबाट गर्नुपर्ने अवस्था छ। काममा उपभोक्ता समिति नहुँदा स्वार्थ समूह बढी हावी हुँदै गएको पाइन्छ। उपभोक्ता समिति भए पनि नाम मात्रका छन्। ठेक्का प्रणालीबाट गर्दा कुनै समस्या छैन। लागत सहभागिता जुटाउन पनि निकै कठिन छ। समग्रमा हेर्दा काम गर्दा अन्य त्यस्तो समस्या देखिंदैन।

*» अन्त्यमा, लुम्बिनीको प्रवेशद्वार मायादेवी गाउँपालिकालाई ‘बुद्धमय स्मार्ट सिटी’ बनाउने तपाईंको सपना र ‘बर्निङ लुम्बिनी, बी लाइक बुद्ध’ को सन्देशलाई सार्थक तुल्याउन कुन-कुन ठूला रणनीतिक योजना अघि सार्नुभएको छ ? यसको सफल कार्यान्वयनका लागि साझेदारीको खाका कस्तो छ ?*

मायादेवी गाउँपालिकालाई हामीले फरक किसिमले सञ्चालन गर्नुपर्छ भन्ने सोच र योजनाका साथ अगाडी बढेका छौं। मायादेवीलाई लुम्बिनी सँग जोडेर विकास गर्नुपर्ने आवश्यकता पनि रहेको छ। मायादेवी गाउँपालिकालाई कसरी विकास गर्न सकिन्छ र यहाँको विकासमा देखिएका सम्भावनासम्बन्धी कार्यपत्र बनाएर अगाडि बढेका छौं। हाम्रा केही कार्यक्रमहरुमा पोड वे सञ्चालन, तिर्थयात्री स्मार्ट शहरको रुपमा विकास गर्ने, अन्तर्राष्ट्रियस्तरको वर्थिङ सेन्टरको स्थापना गर्ने, अन्तर्राष्ट्रियस्तरको मेडिटेसन हलको विकास गर्ने, मायादेवी संग्रहालय निर्माण गर्नुको साथै पालिकालाई बुद्धमय पालिकाको रुपमा विकास गरेर Burning Lumbini, Be Like Buddha को सन्देश प्रवाह गर्ने गरी विकास निर्माणको क्षेत्रमा अग्रगामी परिवर्तन गर्ने सपना देखेका छौं। त्यसका लागि संघीय सरकार, प्रदेश सरकार, छिमेकी तथा अन्य पालिकाहरु, निजीक्षेत्र, स्थानीय सबैको साथ, समन्वय र साझेदारी आवश्यकता रहेको छ र पाउने कुरामा पनि हामी आशावादी छौं।

# उद्योग व्यापार संघको अध्यक्षमा पन्थी




बुटवल। उद्योग व्यापार संघ बुटवलको अध्यक्षमा लोकनाथ पन्थी निर्वाचित भएका छन्। संघको सातौं साधारणसभा तथा चौंथो अधिवेशनबाट यसअघि वरिष्ठ उपाध्यक्ष रहेका पन्थी नेतृत्वमा २५ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो।

संघको वरिष्ठ उपाध्यक्षमा पदम जिसी, उद्योग उपाध्यक्षमा केशव श्रीस मगर, वाणिज्य उपाध्यक्षमा यमलाल मरासिनी, महिला उपाध्यक्षमा माया पाण्डे, महासचिवमा विजय आचार्य, कोषाध्यक्षमा दिलिप शर्मा, सचिवमा सौरभ भुसाल र सह-कोषाध्यक्षमा विनोद आचार्य निर्वाचित भएका प्रमुख निर्वाचन अधिकृत दामोदर घिमिरेले जानकारी दिए।

यस्तै कार्यसमिति सदस्यहरू कृष्णप्रसाद भुसाल न्याजुद्धिन मियाँ, नारायणप्रसाद पाण्डे, विनोद खाती, विशाल पन्थी, प्रशान्त बञ्जाडे जीवन बुढाथोकी, भरत अधिकारी, केशव पौडेल, तिलकराम पाण्डे, लक्ष्मण ज्ञवाली, प्रकाश भण्डारी, भविश्वर ढकाल र छविलाल खनाल निर्वाचित भएका छन्।

संघका नवनिर्वाचित अध्यक्ष पन्थीले ‘स्वाधीन अर्थतन्त्र निर्माणका लागि राष्ट्रिय औद्योगिकरण तथा व्यापार विविधिकरण’लाई केन्द्रमा राखेर सदस्यता विस्तार, सचिवालय भवनका लागि जग्गा प्राप्ति र निर्माण तथा आगामी वर्षको पुस पहिलो हप्तादेखि बुटवल मण्डपमा राष्ट्रियस्तरको औद्योगिक व्यापार मेला आयोजना आफ्नो प्राथमिकतामा रहेको बताए।

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रतिष्ठित संस्था बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही, लुम्बिनी, बुटवल २ मैनाबगरको लागि निम्नानुसारका कर्मचारी आवश्यक परेको हुँदा दक्ष व्यक्तिहरूलाई आवेदन पेश गर्नुहुन अनुरोध छ।

१. लेखापालः १(पुरुष)
२. कार्यालय सहयकः १(महिला/पुरुष)

योग्यता :

१. लेखापालका लागि : सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण वा अध्ययनरत, लेखा सम्बन्धी सफ्ट्वेयर चलाउन सक्ने, कम्प्युटरमा दक्ष , दुईपाङ्ग्रे सवारी लाइसेन्स भएको र नयाँ कुरा सिक्न खोज्ने कृयाशिल व्यक्ति।
२. कार्यालय सहायकका लागि : प्रविणता तह उत्तीर्ण(+२), कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको, दुईपाङ्ग्रे सवारी लाइसेन्स भएको र नयाँ कुरा सिक्न खोज्ने कृयाशिल महिला/पुरुष

पारिश्रमिक : संस्थाको नियमानुसार आपसी समझदारीमा।
छनोट प्रकृया : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।
आवेदन दिने अन्तिम मिति : २०८२/०९/२८

नोटः अनुभवी र दुईपाङ्ग्रे सवारी साधन भएकोलाई विषेश ग्राहयता दिइने छ।

सम्पर्क : ०७१-५३६०२०, ५३६०२१
Autovillage.butwal@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com